**RECASTING JUSTICE: SECURING DALIT RIGHTS IN NEPAL'S NEW CONSTITUTION**

**Summary Briefing Paper (*Nepali Translation*)**

# न्यायको पुनर्व्याख्या : नेपालको नयाँ संविधानमा दलित अधिकारको संरक्षण गर्ने कार्य सङ्क्षिप्त विवरणपत्र

## १. परिचय

लामो गृहयुद्धपछि नेपाल लोकतान्त्रिक सङ्क्रमणको प्रक्रियामा छ। संविधानसभाका निर्वाचित सदस्यहरूद्वारा मस्यौदा गरिने देशको नयाँ संविधान यस सङ्क्रमणको मुख्य विशेषता हो। यो मौलिक दस्तावेज सिर्जना गर्दा संविधानसभासँग देशको शान्तिलाई ठोस स्वरूप प्रदान गर्ने तथा नेपालको राजनीतिक, आर्थिक र सामाजिक विकासलाई अग्रगति दिने अवसर रहेको छ। यससँग सबै व्यक्तिको जन्मसिद्ध मर्यादाप्रति नेपालले गरेको प्रतिबद्धता प्रदर्शन गर्ने अवसर पनि रहेको छ। सबै नेपाली जनताको मानवअधिकारलाई मान्यता प्रदान गर्ने तथा सुनिश्चित गर्ने कार्य यी प्रमुख लक्ष्य प्राप्तिका लागि अत्यन्त महत्वपूर्ण छ। विशेषगरी, नेपालका दलितहरू ÷ जातका आधारमा निरन्तर योजनाबद्ध भेदभाव तथा बहिष्करणको सामना गरिरहेको समुदाय ÷ को अधिकार अन्ततः साकार पारिनैपर्छ।

*न्यायको पुनर्व्याख्या*ले दलितका अधिकार सुरक्षित गर्ने देशका अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दायित्वअनुरूप नयाँ संविधानको मस्यौदा गर्न सकिने उपायहरूबारे जानकारी दिने उद्देश्यले नेपालको अन्तरिम संविधानको विश्लेषण गर्दछ। प्रतिवेदनको संकेन्द्रणका प्रमुख क्षेत्रहरू देहायका छन् : नागरिकतामाथिको पहुँच; समानता तथा भेदभावविरुद्धको अधिकार; नागरिक तथा राजनीतिक अधिकार; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार; महिला अधिकार; बालबालिकाको अधिकार; तथा यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट मुक्त हुन पाउने अधिकार; तथा न्यायिक उपचारको अधिकार।

यस प्रतिवेदनमा देहायका कुरा उपलब्ध गराउने समरूपी चार कदमयुक्त प्रक्रियाको प्रयोग गरेर यीमध्ये प्रत्येक क्षेत्रको विश्लेषण गरिनेछ : (१) नेपाल पक्ष हुनाले बाँधिएको अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूमा तोकिएका नेपालका सम्बद्ध कानुनी दायित्वहरूको रूपरेखा; (२) त्यो विशेष क्षेत्रका सम्बन्धमा नेपालमा दलितहरूको स्थितिसम्बन्धी तथ्यपूर्ण समीक्षा; (३) दलितको अधिकारमाथि अन्तरिम संविधानका प्रावधानहरूका सम्भावित प्रभावको मूल्याङ्कन; र (४) नेपालका अन्तर्राष्ट्रिय दायित्वहरू पूरा होऊन् भन्ने कुरा सुनिश्चित गर्न नेपालको अन्तरिम संविधानले कसरी सुधार गर्न सक्छ वा थप यसले अन्तरिम संविधानका विद्यमान सबल पक्षहरूलाई कसरी आधारको रूपमा प्रयोग गर्न सक्छ भन्ने सिफारिस। आफ्ना संवैधानिक प्रावधानहरूको कार्यान्वयन गर्दा नेपालले सामना गर्न सक्ने प्राथमिक चुनौतीहरूलाई सङ्क्षेपमा सम्बोधन गरेर तथा अन्तरिम संविधानभित्र रहेका पालना गराउने संयन्त्रहरूको मूल्याङ्कन गरेर यो प्रतिवेदन समाप्त हुन्छ।

यो सङ्क्षिप्त विवरण पत्रले प्रतिवेदनका प्रमुख निष्कर्ष तथा सिफारिसहरूलाई प्रस्तुत गर्दछ। अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूमा उल्लेख गरिएका नेपालका दायित्वहरूको विस्तृत विश्लेषण तथा तिनको कार्यान्वयनको अनुगमन गर्ने अन्तर्राष्ट्रिय मानवअधिकार सन्धि निकायका टिप्पणी तथा पर्यवेक्षणमा सिफारिसहरू आधारित छन्।

## २.  संवैधानिक क्षणको सन्दर्भ: वास्तविक तथा कानुनी प्रारम्भ विन्दु

### क.  नेपालमा दलित अनुभव

नेपाली समाजमा नेपालको "सर्वव्यापी" जातिप्रथाको "प्रभावशाली पकड" रहेको छ, जुन तथ्यलाई नेपाल सरकार स्वयं स्वीकार गर्दछ। ऐतिहासिक आधार तथा धार्मिक औचित्यबाट नाङ्गिएको यो सामाजिक ऊँचनिच हो, जुन कुनै विशेष सामाजिक समूहमा जन्म लिएकै आधारमा मानिसका केही समूहलाई सदाका लागि निम्नस्तरको भनी ठानिने *भेदभाव*बाहेक केही होइन।

यस भेदले दलितको अस्तित्वको सोच्न सकिने प्रत्येक पक्षको व्याख्या गर्दछ; उनको नागरिकता, भूमिमाथिको उनको पहुँच, उनको शिक्षा, उनको जीविकोपार्जन, उनको जीवनसाथीको चयन, उनको पूजास्थल, उनको सुरक्षा, उनको स्वास्थ्य तथा उनको शारीरिक अखण्डता प्रत्येक उनको जातले गर्दा नै मुख्यतया सीमित गरिएका छन्। यो भेदभावकारी प्रथाको सर्वाधिक ठूलो स्वरूप "छुवाछुत"को अभ्यास हो ÷ दलितहरू "दूषित" हुन्छन् भन्ने विश्वासमा आधारित गैरदलित तथा तीसँग भएका वस्तुहरूलाई छुनबाट गरिने निषेधसहित तिनको अरू जातका सदस्यहरूबाट पूर्ण अस्वीकार तथा पृथक्करण।

जातीय भेदभाव तथा "छुवाछुत"को अभ्यासले केही अनौपचारिक अनुमानका आधारामा नेपालको जनसङ्ख्याको २५ प्रतिशतसम्म र देशका "अति गरिब" जनताको ८० प्रतिशत भाग ओगटेका हुन सक्ने दलितहरूको पूर्ण दमन सुनिश्चित गरेको छ। जातिप्रथाले ल्याएका उल्लेखनीय व्यवधानका बाबजुद केही दलितहरू अगाडि बढेका भए तापनि दलितहरूको ठूलो प्रतिशत शोषणको चरम स्वरूपहरूप्रति जोखिमोन्मुख रहेका छन्। "माथिल्लो जाति"का समुदायका सदस्यहरू चरित्रगत हिसाबले दलितहरूलाई पृथक् समुदायमा बस्न बाध्य पार्दछन्; उनीहरूलाई सार्वजनिक स्थलमा प्रवेश गर्नबाट निषेध गर्दछन्; उनीहरूलाई भोजन, पानी तथा भूमिमाथिको पहुँच अस्वीकार गर्छन्; र "उच्च जाति"का लागि "कर्मकाण्डीरूपमा अशुद्ध" ठानिएको जातिमा आधारित पेसा अँगाल्न विवश पार्दछन्। तोकिएको यो सामाजिक व्यवस्थाको अवज्ञा गर्ने दलितका प्रयासहरूले दण्डात्मक हिंसा तथा सामाजिक बहिष्करणको सामना गर्नुपरेको छ।

### ख)  नेपालको अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानुनी दायित्वहरू

जातीय भेदभावको नेपालले गरेको व्यक्त वा अव्यक्त समर्थन अन्तर्राष्ट्रिय कानुनअन्तर्गत गैरकानुनी छ। जातीय प्रथाका अन्तर्निहितरूपमा रहेका विभेदकारी विशेषताहरूलाई अस्वीकार गर्ने देहायका अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूको नेपाल पक्ष राष्ट्र हो : सबै प्रकारका जातीय भेदभावहरूको उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (आईसीईआरडी), महिलाविरुद्ध सबै प्रकारका भेदभावहरूको उन्मूलनसम्बन्धी महासन्धि (सिड), नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आईसीसीपीआर), आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आईसीईएससीआर), यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्ध महासन्धि (क्याट) तथा बालअधिकारसम्बन्धी महासन्धि (सीआरसी)। यी सन्धिहरूले असल नियतले गर्नैपर्ने बाध्यकारी दायित्वहरूको सिर्जना गर्दछन्।

यी सन्धिले कुनै राज्यको क्षेत्राधिकारभित्र रहेका ठूलो मात्रामा गैरनागरिकलगायत सबैका सम्बन्धमा असल नियतले गरिनुपर्ने बाध्यकारी दायित्वहरूको सिर्जना गर्दछन्। यी दायित्व तथा धेरै नेपाली दलितहरूसँग नागरिकता प्रमाणपत्र नभएको तथ्यको आलोकमा, संविधानसभाले नागरिक तथा राजनीतिक अधिकार, गैरभेदभाव तथा न्यायिक उपचारको क्षेत्रमा लगायत उपयुक्तढङ्गले संरक्षणसम्बन्धी अधिकारहरू नागरिक तथा गैरनागरिक दुवैसम्म विस्तार हुने गरी नयाँ संविधानको निर्माण गर्नु आवश्यक हुनेछ।

नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूले नेपाललाई जातीय भेदभावका सम्बन्धमा देहायका कार्यहरू गर्न द्विविधारहित ढङ्गले बाध्य गराउँछ :

- सबै प्रकारका जातीय भेदभावहरूको उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिबमोजिम, वंशमा आधारित प्रत्यक्ष तथा अप्रत्यक्ष भेदभावका सबै स्वरूप तथा प्रकटीकरण, जसमध्ये जातीय भेदभाव पर्दछ, लाई उन्मूलन गर्न; नागरिक, राजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारहरूको पूर्तिमा गैरभेदभावलाई सुनिश्चित

गर्न; र दलित तथा अन्य सीमान्तकृत समुदायहरूका लागि समानता सुनिश्चित गर्न सकारात्मक उपायहरू गर्न नेपाल बाध्य छ।

- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिबमोजिम, आफ्नो भौगोलिक क्षेत्रभित्र वा क्षेत्राधिकारअन्तर्गत रहेका सबै व्यक्तिका नागरिक तथा राजनीतिक अधिकारहरूलाई प्रत्याभूत गर्न नेपाल बाध्य छ। अन्य कुरामध्ये, यस अभिसन्धिले बाँच्न पाउने अधिकारको स्वेच्छाचारी अस्वीकृति, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय, दासप्रथा, पराधीनता, जबरजस्ती वा अनिवार्य श्रम, स्वेच्छाचारी पक्राउ वा थुना, गोपनीयता, परिवार वा लेखापढीमा स्वेच्छाचारी हस्तक्षेप र प्रतिष्ठा र ख्यातिमा गैरकानुनी आक्रमणलाई निषेध गर्दछ। त्यसबाहेक, यसले नेपाललाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, भेला हुन पाउने तथा सङ्गठन गर्न पाउने स्वतन्त्रता, स्वतन्त्रपूर्वक विवाह गर्न पाउने अधिकार, प्रत्यक्षतः वा स्वतन्त्रपूर्वक निर्वाचित प्रतिनिधिहरूमार्फत् सार्वजनिक मामिलाको सञ्चालनमा भाग लिन पाउने स्वतन्त्रता, मतदान गर्न पाउने अधिकार, र स्वतन्त्रतापूर्वक संस्कृतिको उपभोग तथा धर्मको अभ्यास गर्न पाउने अधिकारका छुट दिएको छ। साथै, कानुनका अगाडि सबै व्यक्तिलाई समान व्यवहार गर्न तथा बिनाभेदभाव सबैलाई कानुनको समान संरक्षण उपलब्ध गराउन नेपाल बाध्य छ।

- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिबमोजिम, केही आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू प्रत्याभूत गर्न नेपाल बाध्य छ। यी अधिकारहरूमा स्वतन्त्रतापूर्वक छानेको क्षेत्रमा कार्य गर्न, कामका लागि उचित र समान पारिश्रमिक, मजदुर तथा तिनका परिवारका लागि राम्रो जीवनस्तर प्रदान गर्ने तलबसुविधा, सुरक्षित तथा स्वस्थ्य कार्यावस्था, कार्यघण्टा र कार्यदिनको मनासिब सीमाङ्कन, श्रम तथा रोजगारका मुद्दाहरूसम्बन्धी बारे सङ्गठन गर्न पाउने अधिकार, सामाजिक सुरक्षा तथा सामाजिक बिमा कार्यक्रम, प्रत्येक व्यक्तिको पर्याप्त जीवनस्तर प्राप्त गर्ने अधिकार (पर्याप्त भोजन, लुगाफाटो तथा आवास र जीविकाको अवस्थाको निरन्तर सुधारलगायत), प्रत्येक व्यक्तिको उच्चतम मानसिक तथा शारीरिक स्वास्थ्य प्राप्त गर्ने अधिकार, शिक्षाको अधिकार र प्रत्येक व्यक्तिको सांस्कृतिक जीवनमा भाग लिन पाउने, वैज्ञानिक प्रगतिको फाइदाहरूको उपभोग गर्न तथा आफू स्रष्टा भएको कुनै पनि वैज्ञानिक, साहित्यिक वा कलात्मक उत्पादनबाट उत्पन्न भएको नैतिक वा भौतिक हितहरूको संरक्षणबाट हुने फाइदाको अधिकार पर्दछन्, तर यी अधिकारहरू यी कुरामा मात्र सीमित छैनन्। यस अभिसन्धिमा उल्लिखित अधिकारहरू जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा हुने कुनै पनि भेदभावबिना उपभोग गरिने कुराको प्रत्याभूति पनि यस अभिसन्धिले गरेको छ।

- सिडबमोजिम, महिलाविरुद्धका भेदभावको उन्मूलन गर्ने नीति अवलम्बन गर्न तथा महिला हकदार भएका सबै सारभूत अधिकारको प्रत्याभूतिका सम्बन्धमा महिला समानता सुनिश्चित गर्न सकारात्मक उपायहरू गर्न नेपाल बाध्य छ। यसमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र नागरिक तथा राजनीतिक अधिकारहरूको उपभोग पर्दछन्।

- बालअधिकार महासन्धिबमोजिम, नेपाल सबै प्रकारका यौन शोषण तथा यौन दुर्व्यवहार, वेश्यावृत्ति तथा अन्य गैरकानुनी यौनाभ्यास र बालश्रमबाट संरक्षणलगायत बालबालिकाको अधिकार संरक्षण गर्न बाध्य छ।

- नेपालले क्याटमा गरेको सम्मिलनबमोजिम, आफ्नो क्षेत्राधिकारअन्तर्गत यातनाका कार्यहरू तथा अन्य प्रकारका क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय हुन नदिन, तिनको निषेध गर्न वा तिनलाई दण्डित गर्न र यातनापीडितहरूले राज्यको कानुनी प्रणालीमा क्षतिपूर्ति प्राप्त गर्ने कुरा सुनिश्चित गर्न यो बाध्य छ।

यी सन्धिहरूको कार्यान्वयनको अनुगमन गर्ने प्रत्येक सन्धि निकायले नेपालको मानवअधिकार रेकर्डको अध्ययन गरेका छन्। यी निकायहरूले आईसीईआरडी, सिड, सीआरसी, आईसीसीपीआर, आईसीईएससीआर वा क्याटअन्तर्गतका दायित्वहरूमध्ये धेरैजसोलाई नेपालले पूरा नगरेको पाएका छन्। लोकतन्त्रतर्फको सङ्क्रमणको बेला परिकल्पना गरिएका राजनीतिक संयन्त्रहरू जेसुकै भए पनि यी दायित्वहरू नेपालका लागि निरन्तर लागू भइरहन्छन्।

नेपालको नयाँ संविधानले जातिप्रथाका व्याप्त नकारात्मक असरहरूको प्रतिकार गर्नैपर्छ र आफ्ना पूर्ववर्तीहरू विफल भएको कुरालाई ध्यानमा राखेर यसले दलित अधिकारको लागि लड्नैपर्छ। *नेपाल अधिराज्यको संविधान २०४७* ले जातिप्रथालाई निषेध गरे पनि यसमा अधिकारको संरक्षणलाई उल्लेख्यमात्रामा कमजोर बनाउने अपवादहरू प्रशस्तै थिए। त्यसबाहेक, जातीय भेदभावविरुद्धको निषेधलाई न समानरूपले लागू नै गरियो न यसको पालना गराउन लगाइयो। वि. सं. २०६३ माघमा लागू गरिएको तथा त्यसयता तीनपल्ट संशोधन गरिएको अन्तरिम संविधानले जातीय भेदभावमा सुधार ल्याए पनि दलितलाई कानुनमा तथा व्यवहारमा समान हैसियत अस्वीकार गरेर यो भेदभाव यथावत जारी रहेको छ।

दलितका सम्बन्धमा मानवअधिकार दायित्वहरूलाई पालना गराउमा नेपालको निराशाजनक रेकर्डसहित दलितका अधिकारहरूलाई सम्बोधन गर्नमा यसको कमजोर संवैधानिक रेकर्डले यस प्रतिवेदनमा समेटिएका विश्लेषण तथा सिफारिसहरू गर्नुपरेको हो।

ग. संविधानसभाको भूमिका तथा प्रतिनिधित्व

अन्तरिम संविधानले संविधानसभालाई नयाँ संविधान बनाउने काम सुम्पेको छ। नेपालका लागि बाध्यकारी अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले संविधानसभामा निहित भएजस्ता निर्णय गर्ने प्रक्रियामा गैरदलितले जस्तै दलितले पनि सहभागी बन्न पाउनुपर्ने आवश्यक गराएको छ। मानवअधिकार सन्धिहरूमा समानताका लागि आवश्यक पर्ने कुराहरूमा औपचारिक वा *वैधानिक* समानता तथा मूलभूत वा *वास्तविक* समानता दुवै पर्दछन्। त्यसबाहेक, मूलभूत समानताको दायित्वका लागि दलित महिला तथा "तल्ला" दलित जातिहरूलगायत दलित समुदाय*भित्रका* सीमान्तकृतहरूको सहभागिता सुनिश्चित गर्नेतर्फ ध्यान दिइनु आवश्यक हुन्छ।

दलितहरू वि.सं. २०४७ तथा अन्तरिम संविधान दुवैको मस्यौदा प्रक्रियाबाट वास्तवमै बाहिऱ्याइएका थिए। मूलभूत समानता सुनिश्चित गर्ने दायित्वअन्तर्गत नेपालले संविधानसभामा दलितको पर्याप्त प्रतिनिधित्व (आवश्यक परे विशेष उपाय अवलम्बन गरेर लगायत) सुनिश्चित गर्ने उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यक थियो र अब निर्णय गर्ने प्रमुख पदहरूमा लगायत समानरूपमा सहभागिताका लागि संविधानसभामा दलितको क्षमता सुनिश्चित गर्नैपर्छ।

**३. नयाँ संविधानमा दलितका अधिकारहरूको संरक्षण गर्ने**

**क. नागरिकतामा पहुँच**

धेरै दलितहरूका लागि, नागरिकताको प्रमाणपत्र प्राप्त गर्न आवश्यक पूर्वसर्तहरूबाट नागरिकतामा पहुँच प्राप्त गर्ने अधिकारको अवमूल्यन भएको छ। यी पूर्वसर्तअन्तर्गत प्रमाणपत्र प्राप्त गर्न कुनै व्यक्ति नेपाली हो भनेर देखाउने निश्चित कागजी प्रमाण प्रस्तुत गर्नुपर्छ ÷ एउटा यस्तो सर्त जुन धेरै दलितका लागि असम्भव नभए पनि कठिन छ। उदाहरणार्थ, जायजेथाको स्वामित्वको प्रमाण नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न पर्याप्त मानिन्छ, यद्यपि अधिकांश दलितहरू भूमिको स्वामित्व राख्न र/वा भूमिको स्वामित्व भएको प्रमाण प्रस्तुत गर्न असमर्थ छन्। अझ सामान्यरूपमा भन्ने हो भने अन्तरिम संविधानले नेपाली महिलाका विदेशी पतिलाई विवाहमार्फत् नागरिकता लिन नदिएर तथा नेपाली महिला र तिनका विदेशी पतिबाट जन्मेका बालबालिकाको नागरिकताका लागि थप सर्त लादेर नेपाली महिलाविरुद्ध भेदभाव गरेको छ।

अन्तरिम संविधानको धारा ८ ले नागरिकतासम्बन्धी यी अवरोधहरूलाई केही हदसम्म हटाउन खोजेको छः उदाहरणार्थ, नेपाली आमा तथा नेपाली बाबु दुवैका बालबालिकालाई नेपाली नागरिक मानेर तथा वि. सं. २०४७ सालको संविधानमा पहिले रहेको नागरिक बन्नका लागि आवश्यक पर्ने निश्चित सर्तहरू खारेज गरेर। यी प्रगतिका बाबजुद अन्तरिम संविधान (तथा नेपाल नागरिकता ऐन २०६३) ले महिलाविरुद्धको भेदभाव जारी राखेको छ र त्यसैगरी यसले दलित तथा अन्य सीमान्तकृत समुदायविरुद्ध भेदभाव गर्दछ।

**नयाँ संविधानमा नागरिकतामाथि न्याययुक्त समान पहुँच सुनिश्चित गर्न मद्दत पुऱ्याउन संविधानसभाले :**

- नेपाली पुरुषका विदेशी पत्नीलाई जस्तै नेपाली महिलाका विदेशी पतिलाई पनि नागरिकता प्राप्त गर्न दिने भाषा समावेश गर्नुपर्छ; र

- आफ्ना आमा वा बाबु जोसुकै विदेशी भए पनि बालबालिकालाई नागरिकता प्रप्त गर्नका निम्ति उत्तिकै योग्य ठहरिने भाषा प्रयोग गर्नुपर्छ।

**ख. समानता तथा भेदभावविरुद्धको अधिकार**

नेपालको सार्वजनिक तथा निजी वृत्तमा वि. सं. २०४७ सालको तथा अन्तरिम संविधानको घोर उपेक्षाका साथ जातीय भेदभाव तथा "छुवाछुत" जारी रहेको छ। वास्तवमा, कानुनमा तथा व्यवहारमा जातीय भेदभाव अन्त्य गर्नमा विफल भएकोमा नेपाल अन्तर्राष्ट्रिय मानवअधिकार सन्धि अनुगमन निकायहरूद्वारा अत्यन्त आलोचित भएको छ।

अन्तरिम संविधानको भाग ३ मा रहेकाका भेदभावविरुद्धका अत्यन्त महत्त्वपूर्ण प्रावधानहरूमा धारा १३ ("समानताको अधिकार") तथा धारा १४ ("छुवाछुत तथा जातीय भेदभावविरुद्धको अधिकार") छन्। अझ पूर्णरूपमा अभिव्यक्त भेदभावविरुद्धका संरक्षणहरूको सूची समावेश गरेर वि. सं. २०४७ सालको संविधानमाथि सुधार गरे तापनि यी धाराहरूमा कैयौँ कमीकमजोरी, असङ्गतिहरू तथा भाषाको अस्पष्ट प्रयोग छन् जसलाई नेपालको अन्तर्राष्ट्रिय मानवअधिकार सन्धि दायित्वहरूको पालना गर्न नेपालको नयाँ संविधानमा सम्बोधन गरिनुपर्छ। नयाँ संविधानले आफ्ना पूर्ववर्तीहरूले नगरेजस्तो जातीय भेदभावको मुटुमै प्रहार गर्नैपर्छ।

**नयाँ संविधानमा समानता तथा भेदभावविरुद्धको अधिकार सुनिश्चित गर्न मद्दत पुऱ्याउन संविधानसभाले :**

- मानवअधिकारलाई प्रस्तावनाको केन्द्रीय सरोकारको रूपमा समावेश गर्ने कुरामाथि विचार पुऱ्याउनुपर्छ।
- प्रत्याभूति "सबै व्यक्ति"मा लागू हुन्छ भन्ने उल्लेख गरेर समानता तथा गैरभेदभावसम्बन्धी प्रत्याभूतिलाई गैरनागरिकसम्म विस्तार गर्नुपर्छ;
- भेदभाव निषेध गरिएका आधारहरू खुला राखिऊन् र तिनले अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले समेटेका आधारहरूलाई पूर्णरूपमा समावेश गरून् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ;
- पारिश्रमिक वा सामाजिक सुरक्षा लाभमा गरिएको भेदभावको निषेधलाई "समानताको अधिकार"को प्रावधानमा प्रयुक्त सबै अवस्थाहरूको आधारमा हुने भेदभावसम्म विस्तार गर्ने कुरा सुनिश्चित गर्नुपर्छ;
- "विशेष प्रावधान"का लागि योग्य समूहहरूसँग मिल्ने कुनै पनि सूची खुला होस् भन्ने कुरा स्पष्ट पार्नुपर्छ ताकि सूचीकृत नगरिएका अन्य समूहलाई पनि "विशेष प्रावधान"का लागि आवश्यकताअनुसार योग्य ठान्न सकियोस्;
- नयाँ संविधानको छुवाछुत तथा जातीय भेदभावविरोधी धारामा आधारहरूको समरूपी सूची समावेश गर्नुपर्छ। त्यस्तो सूचीले जात, वंश, समुदाय, पेसा तथा कबिलालगायत सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा भएको जातीय भेदभावको परिभाषामा तोकिएअनुसार "राष्ट्रिय वा जातीय उत्पत्ति"लाई समावेश गर्नुपर्छ;
- कुनै पनि समानता र/वा गैरभेदभावसम्बन्धी सम्बद्ध प्रावधान(हरू)मा जात वा अन्य निषेधित कारणहरूको आधारमा निश्चित पेसा लाद्ने कुरामा स्पष्ट निषेधलाई समावेश गर्नुपर्छ; र
- कुनै पनि समानता र/वा गैरभेदभावसम्बन्धी सम्बद्ध प्रावधान(हरू)मा भेदभावका निजी कार्यहरूको स्पष्ट निषेधलाई समावेश गर्नुपर्छ।

**ग. नागरिक तथा राजनीतिक अधिकार**

जातिप्रथाले दलितहरूलाई उनीहरूको मौलिक नागरिक तथा राजनीतिक अधिकार अस्वीकार गर्दछ। सरकारका सबै तह तथा राजनीतिक प्रक्रियाबाट दलित (तथा विशेषगरी दलित महिला)हरूलाई बहिष्कार गर्ने कार्यले उनीहरूको निरन्तरको दमन र राज्यको उनीहरूतर्फको असमान ध्यान तथा संसाधनको असमान प्राप्तिलाई निश्चित गरिदिएको छ। संविधानसभामा दलितको समावेश महत्त्वपूर्ण तथा स्वागतयोग्य दुवै भए तापनि नेपालले अझै पनि सभामा उनीहरूको अर्थपूर्ण सहभागिता तथा भावी निर्वाचनमा उनीहरूको उपस्थिति वास्तवमै कुल जनसङ्ख्यामा उनीहरूको प्रतिशतको

समानुपातिक हुने कुरा निश्चित गर्नैपर्छ। दलितहरू अझै पनि ठूलो मात्रामा नेपालका प्रमुख राजनीतिक दलका नेतृत्व तह तथा कार्यकारी समितिमा प्रतिनिधित्वहीन रहेका छन्। नेपालको सरकार आफैं के स्वीकार गर्छ भने "संसाधन तथा निर्णय गर्ने प्रक्रियाबाट दलितहरूको ऐतिहासिक बहिष्काणले उनीहरूलाई सामाजिक, आर्थिक तथा राजनीतिक मूलप्रवाहबाट मात्र बाहिर राखेको छैन राष्ट्रनिर्माणमा उनीहरूको योगदानका सन्दर्भमा पनि यसले क्षति पुऱ्याएको छ।"

दलितहरूको राजनीतिक बहिष्करणले उनीहरूलाई आफ्नो नागरिक अधिकारको उल्लङ्घनप्रति जोखिमोन्मुख बनाउँछ। माओवादी विद्रोही तथा नेपाली सुरक्षाफौजद्वारा हजारौं मानिसको गैरकानुनी हत्या गरिएको, यातना दिइएको तथा "बेपत्ता पारिएको" "जनयुद्ध"का क्रममा ग्रामीण दलितहरू दुवै पक्षद्वारा असमानुपातिकरूपबाट लक्ष्यित गरिएका थिए। नेपाल सरकारले यी अपराधका लागि सुरक्षाफौजको दण्डहीनतालाई सुनिश्चित गर्नेबाहेक अरू केही गरेको छैन। छ। यसबाहेक, सरकार स्वेच्छाचारी तथा गैरकानुनी पक्राउ तथा थुनामा संलग्न हुनुका साथै यसले भेला हुन पाउने अधिकारमाथि बन्देज लगाएको छ तथा आफ्नो सरकार फेर्न पाउने नागरिकहरूको अधिकारमा अवरोध पुऱ्याएको छ। ठूलो सङ्ख्यामा यी उल्लङ्घन सन् २००१ तथा २००५ मा घोषित "सङ्कटकाल" को परिणामस्वरूप भए।

दलित र गैरदलितबीचको अन्तरजातीय विवाह परम्परागतरूपमै निषेधित रहेका र "माथिल्लो जातिको" जीवनसाथी विवाह गर्ने दलितले गम्भीर परिणामको जोखिम मोल्नुपर्ने भएकाले दलितहरूलाई आफ्नो रोजाइको व्यक्तिसँग विवाह गर्ने स्वतन्त्रता पनि नदिन सकिन्छ। त्यसबाहेक, "माथिल्लो जाति"का लागि "कर्मकाण्डीरूपमा अशुद्ध" ठानिएको जातिमा आधारित पेसा अपनाउन उनीहरूलाई विवश बनाइने भएकाले धेरै दलितहरूलाई आफ्नो रोजाइको पेसा अँगाल्न पाउने स्वतन्त्रता दिइँदैन। थप कुरा, दलितहरूलाई मन्दिर प्रवेश गर्न नियमितरूपमा दिइँदैन र यसले व्यवहारमा भेदभावविरुद्धको तथा धार्मिक स्वतन्त्रतासम्बन्धी उनीहरूको मौलिक अधिकारको उल्लङ्घन गरेको छ।

अन्तरिम संविधानले केही नागरिक तथा राजनीतिक अधिकारका सम्बन्धमा २०४७ सालको संविधानमाथि प्रशंसनीय रूपमा सुधार गरेको छ। सर्वाधिक उल्लेखनीय कुरा, धारा १२ ÷ "स्वतन्त्रताको हक" सम्बन्धी प्रावधान ÷ ले "प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ..." भनी उल्लेख गरेको छ। राजनीतिक निर्णय गर्ने निकाय तथा प्रक्रियामा दलितहरूको उल्लेख्य न्युन प्रतिनिधित्वलाई उल्टाउनेतर्फ पनि अन्तरिम संविधानले महत्त्वपूर्ण कदमहरू चालेको छ। धारा १४२ ले निर्वाचन आयोगलाई जातिका आधारमा आफ्नो सदस्यता नीतिमा भेदभाव गर्ने राजनीतिक दललाई दर्ता गर्न निषेध गरेको छ। धारा २१ ÷ "सामाजिक न्यायको हक" ÷ ले "राज्यको संरचना"भित्र दलित तथा अन्य सीमान्तकृत समुदायहरूको "समानुपातिक समावेशी" गर्ने कुरालाई विशेष कार्यादेश दिएको छ। त्यसबाहेक, धारा २३ ले प्रत्येक व्यक्तिलाई "आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हक" दिएको छ। नयाँ संविधान यसभन्दा अझ अगाडि बढ्नैपर्छ र दलितहरूको नागरिक तथा राजनीतिक अधिकार सुनिश्चित गर्न सशक्त उपायहरू समावेश गर्नुपर्छ।

**नयाँ संविधानमा नागरिक तथा राजनीतिक अधिकार संरक्षण गर्न मद्दत पुऱ्याउन संविधानसभाले :**

- "स्वतन्त्रताको अधिकार"सम्बन्धी प्रावधानमा संविधानमा अन्यत्र समावेश गरिएका अथवा नेपालका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दायित्वहरूले अन्य किसिमले माग गरेका स्वतन्त्रताहरूलाई समावेश गर्नुपर्छ;
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिले छुट दिएको हदसम्ममात्र आवतजावत गर्न पाउने स्वतन्त्रतालाई सीमित गर्नुपर्छ;
- "सार्वजनिक स्वास्थ्य वा नैतिक आचरण"लाई असर गर्नसक्ने ठानिएका कसुरहरूमा आधारित कुनै पनि पेसाव्यवसाय गर्ने दलितहरूको स्वतन्त्रतालाई सीमित गर्नसक्ने भाषा प्रयोग गर्नबाट बच्नुपर्छ;
- समानुपातिक समावेशीसम्बन्धी धारा ३३ (घ१) तथा महिलाका लागि विशेष व्यवस्थासम्बन्धी धारा ३५ (८) र सम्बन्धित धाराहरूलाई संविधानको मौलिक अधिकार खण्डमा सार्नेतर्फ विचार पुऱ्याउनुपर्छ;
- आफ्नो सदस्यता, नेतृत्व वा राजनीतिक पदहरूका लागि व्यक्तिहरूको आफ्नो मनोनयनमा गैरकानुनीरूपमा भेदभाव गर्ने राजनीतिक दलहरूको दर्ता निषेध वा खारेज गर्नुपर्छ;
- गैरभेदभावसम्बन्धी अधिकार तथा धर्मको अभ्यास गर्न पाउने स्वतन्त्रतालगायत अरूका सबै मौलिक अधिकार तथा स्वतन्त्रामाथि अतिक्रमण गर्न धर्मको प्रयोगलाई निषेध गर्नुपर्छ;

- धारा २३ (२) ले गरेको व्यवस्थाजस्तै नयाँ संविधानले अरूका धार्मिक अधिकारहरूको अतिक्रमणलाई निषेध गर्ने व्यवस्था गरोस् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ;

- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा ११ र धारा १६ मा राखिएका अधिकारका प्रत्याभूतिहरूलाई नयाँ संविधानको सङ्कटकालको समयमा खोस्न नसकिने अधिकारहरूको सूचीमा समावेश गर्नुपर्छ तथा यी अधिकारहरू संविधानमा प्रतिविम्बित होऊन् भन्ने कुराको सुनिश्चित गर्नुपर्छ; र

- सङ्कटकालको बेला अधिकारहरू खोस्न सकिने कुनै पनि व्यवस्था त्यसबेलाको आपत्कालीन स्थितिले माग गरेको हदसम्ममात्र सीमित गरिनुपर्छ भन्ने कुरा जनाउनुपर्छ।

**घ) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू**

नेपालमा जातीय भेदभावले प्रतिष्ठापूर्वक जीउने तथा आफ्ना आधारभूत दैनिक आवश्यकताहरू पूरा गर्ने दलितको क्षमताको अवमूल्यन गर्दछ। रोजगारी, शिक्षा, भूमि, स्वास्थ्य, भोजन तथा पानीमा दलितको पहुँचसँग जातीय व्यवस्थामा रहेको उनीहरूको तथाकथित निकृष्ट हैसियतद्वारा सम्झौता गरिएको छ। जीविकोपार्जन गर्न खोज्ने दलितहरू विभिन्न किसिमका मानवअधिकार दुर्व्यवहारहरूबाट पीडित छन्। नेपालका बँधुवा मजदुरहरूमध्ये धेरैजसो दलित छन् र उनीहरूलाई कपटपूर्ण ऋण चुक्ता गर्न अरूको जग्गामा काम गर्न बाध्य गरिन्छ। अरूलाई यौन कार्यमा संलग्न हुन, निजी तथा सार्वजनिक शौचालयबाट मानव मलमूत्र सफा गर्न र मरेका जनावरहरूको व्यवस्थापन गर्न यी "प्रदूषणयुक्त" पेसाव्यवसाय "अछुतहरू"द्वारा मात्र गराउन सकिन्छ भन्ने तर्कको आधारमा त्यसो गर्न बाध्य पारिन्छ। दलितहरूलाई रोजगारमा समान अवसर अस्वीकार गर्नुका अतिरिक्त उनीहरूलाई त्यही वा त्यस्तै कार्यका निम्ति "माथिल्लो जात"का समकक्षीहरूभन्दा कम पैसा दिइन्छ। फलस्वरूप नेपालमा दलितहरूको वार्षिक प्रति व्यक्ति आय, खर्च, बचत तथा लगानी सर्वाधिक कम रहेको छ। मुलुकको सर्वाधिक ठूलो रोजगारदाता नेपाल सरकार रोजगार भेदभावमा प्रत्यक्षतः मुछिएको छ।

धेरै दलित बालबालिका शोषणप्रति जोखिमोन्मुख छन्। लगभग पाँचमा एकजना लत्ताकपडा टिप्ने, कुडाकर्कट सङ्कलन गर्ने, सिनोलाई तह लगाउने, शवको सद्गति गर्ने, मानव मलमूत्रको व्यवस्थापन गर्ने तथा कोइला खानीमा काम गर्नेजस्ता आफ्नो परिवारको जातमा आधारित पेसामा संलग्न छन्। त्यसबाहेक, झन्डै दस दलित बालबालिकामा एकजनालाई यौनकार्य, दासत्व वा त्यस्तै पेसामा जबरजस्ती लगाइने गरेको कुरा बताइएको छ। जातीय भेदभावले गर्दा दलित बालबालिकाका लागि शिक्षाको उपलब्धता तथा त्यसको गुणात्मकता दुवैमा सम्झौता पनि गर्नुपरेको छ। नेपालको सरदर साक्षरता दर करिब ५० प्रतिशत भए पनि २५ प्रतिशत दलितमात्र साक्षर छन्। विद्यालयमा दलितविरुद्धका विभेदकारी अभ्यासहरूले उच्च शिक्षा हासिल गर्ने उनीहरूको आफ्नो क्षमतामा भयङ्कर असर परेको छ। नेपालमा स्नातक वा सोभन्दा उच्च डिग्री लिएका मानिसहरूमा दलितको सङ्ख्या एक प्रतिशतभन्दा पनि कम हुन आउँछ।

नेपालमा भूमि सामाजिक, आर्थिक तथा राजनीतिक हकको एक महत्त्वपूर्ण स्रोत हो। नेपालको कृषियोग्य भूमिमध्ये दलितहरूको स्वामित्वमा एक प्रतिशत भन्दा कम भूमि हुनुले सम्पत्ति जोड्न सक्ने उनीहरूको क्षमतालाई पहिले नै बन्द गरिदिएको छ। भूमिहीनताको स्थितिले पनि नागरिकता प्रमाणपत्र तथा नेपाली नागरिकहरूलाई पछि उपलब्ध गराइएका अधिकार तथा लाभहरू प्राप्त गर्ने उनीहरूको क्षमतालाई पनि अवरोध पुऱ्याएको छ। दलितको शारीरिक तथा मानसिक स्वास्थ्यमा जातीय भेदभावका कठोर प्रभावहरू परेका छन्। उदाहरणका लागि, सामुदायिक पानीका स्रोतहरूमा दलितहरूको पहुँचलाई उनीहरू "प्रदूषणयुक्त" भएको बहानामा नियमितरूपमा अस्वीकार गरिन्छ। धेरै दलित जोखिमपूर्ण पेसामा धकेलिइएको हुनाले उनीहरू व्यावसायिक स्वास्थ्य खतराबाट पीडित छन्। उल्लिखित कारणहरूको फलस्वरूप दलितको सरदर आयु अन्य जातीय समूहहरूको भन्दा निकै कम छ र उनीहरूमा बाल मृत्युदर दुई गुणा बढी छ।

अन्तरिम संविधानले नेपालमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सुनिश्चित गर्ने दिशातर्फ महत्त्वपूर्ण तथा प्रशंसनीय कदमहरू लिएको छ, जसको कार्यान्वयन भएमा दलितका अधिकारहरूको संरक्षणमा निकै ठूलो योगदान पुग्नेछ। उदाहरणका लागि, अन्तरिम संविधानको धारा १६ अन्तर्गत नेपालमा पहिलोपटक प्रत्येक नागरिकले निःशुल्क आधारभूत स्वास्थ्य सेवा पाउने संवैधानिक अधिकार पाएको छ। अन्तरिम संविधानको धारा १७ (२) ले प्रत्येक नागरिकलाई निःशुल्क प्राथमिक तथा माध्यमिक शिक्षाको संवैधानिक अधिकार उपलब्ध गराएको छ। अन्तरिम संविधानको धारा १७ (३) ले नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई "आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक

सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धन गर्ने हक" अधिकार दिएको छ। धारा १८ (१) ले "प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम खाद्य सम्प्रभूताको हक हुनेछ" भनी व्यवस्था गरेको छ। धारा १८ (२) ले प्रत्येक नागरिकको "खाद्य सम्प्रभूता"को अधिकारलाई स्वीकार गरेको छ। अन्तरिम संविधानको धारा ३० (१) ले प्रत्येक कामदार र कर्मचारीलाई "उचित श्रम अभ्यास"को हक हुनेछ भनी व्यवस्था गरेको छ। अन्तरिम संविधानको धारा १८ (२) ले आमजनताका विभिन्न वर्गहरूलाई सामाजिक सुरक्षाको महत्त्वपूर्ण अधिकार प्रदान गरेको छ। धारा २९ ले जबरजस्ती श्रम, मानव बेचबिखन तथा अन्य प्रकारका शोषणहरूलाई निषेध गरेको छ। धारा १९ ले प्रत्येक नागरिकको "सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने" अधिकारलाई स्वीकार गरेको छ।

अन्त्यमा, अन्तरिम संविधानको "राज्यका दायित्व, सिद्धान्त तथा नीतिहरू" नामक खण्डमा विशेषरूपमा दलितका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई सम्बोधन गर्ने कतिपय प्रावधानहरू राखिएका छन्। योभन्दा अगाडि छलफल गरिएका मौलिक मानवअधिकारजस्तो नभई, अन्तरिम संविधानअनुसार यी सिद्धान्त तथा नीतिहरू न्याययोग्य हुँदैनन्, बरु यी यस्ता नीतिहरू हुन् जसको आधारमा नेपाली राज्यले "तिनको कार्यान्वयन गर्न आवश्यकताअनुसार स्रोत वा साधन परिचालन गर्ने वा गराउनेछ"।

माथि व्याख्या गरिएका धाराका कमीकमजोरीहरूलाई सुधार गर्न, दलितहरूको आर्थिक तथा सामाजिक अधिकारहरूको व्याप्त अस्वीकृतिलाई प्रभावकारी ढङ्गले सम्बोधन गर्न तथा नेपालका अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वहरूको पालना गराउन नयाँ संविधान अझै अगाडि बढ्नैपर्छ।

**नयाँ संविधानमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको संरक्षण गर्न मद्दत पुऱ्याउन संविधानसभाले :**

- प्राप्त गर्न सकिने उच्चतमस्तरको शारीरिक तथा मानसिक स्वास्थ्य उपभोग गर्न पाउने प्रत्येक व्यक्तिको अधिकारलाई प्रत्याभूत गर्ने प्रावधानलाई समावेश गर्नुपर्छ;
- निशुल्क उच्च शिक्षाको प्रगतिशील कार्यान्वयनलाई समावेश गर्न तथा प्राथमिक शिक्षा नपाएका वा पूरा नगरेकाहरूका लागि मौलिक शिक्षाको प्रोत्साहन वा सघनीकरणलाई समावेश गर्न शिक्षाको अधिकारलाई विस्तार गर्नुपर्छ;
- भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता तथा सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने अधिकारको प्रयोगलाई अरूका मौलिक अधिकार तथा स्वतन्त्रताहरू, खासगरी भेदभावविरुद्धको अधिकार, को उल्लङ्घन गर्न निषेध गर्नुपर्छ;
- स्वतन्त्रतापूर्वक रोजगारी छान्न वा स्वीकार गर्न पाउने अधिकार काम गर्न पाउने अधिकारको एउटा अवयव हो भनी स्पष्टसँग उल्लेख गर्नुपर्छ;
- उचित श्रमअभ्यासको अधिकारको विषयवस्तुलाई स्पष्ट पार्नुपर्छ वा कामदारहरू "न्यायोचित र अनुकूल" कार्यावस्थाका हकदार छन् भन्ने कुरा तोक्नुपर्छ;
- सामाजिक सुरक्षाको अधिकारलाई "सामाजिक बिमासहितको सामाजिक सुरक्षा"को अधिकारको रूपमा स्थापित गर्न यससम्बन्धी अधिकारको भाषालाई संशोधन गर्नुपर्छ, बिनाभेदभाव यस अधिकारको उपभोग गर्न पाउनुपर्छ भनी तोक्नुपर्छ र दलितलगायत सीमान्तकृत समुदायहरूप्रति विशेष ध्यान दिनुपर्छ भनी जनाउनुपर्छ;
- खाद्य सम्प्रभूताको अधिकार भन्नाले भोकबाट मुक्त हुन पाउने स्वतन्त्रतालाई सुनिश्चित गर्न न्यूनतम अत्यावश्यक भोजन, जुन यथेष्ट, पोषणयुक्त तथा सुरक्षित हुन्छ, को अधिकार पनि बुझिन्छ भन्ने कुरा स्पष्ट पार्नुपर्छ;
- धर्मको नाममा हुने शोषणलाई स्पष्टरूपमा निषेध गर्ने भाषा समावेश गर्नुपर्दछ;
- जोतको अधिकार वा पहिले विद्यमान रहेको भेदभावबाट सम्झौता गर्न पुगिएका घटनामा तुलनात्मक क्षतिपूर्तिको हकलाई संरक्षण गर्न विशिष्ट भाषा थप्नुपर्छ;

- संविधानमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बद्ध प्रावधानहरूको स्थापनलाई तिनको न्याययोग्यताको सुनिश्चित हुने गरी समीक्षा तथा संशोधन गर्नुपर्छ; र

- "सामाजिक÷आर्थिक सुरक्षालाई सुनिश्चित गर्ने तथा आर्थिकरूपमा पिछडिएका वर्गहरूलाई जग्गा उपलब्ध गराउने नीति"बाट लाभ लिने समूहहरूको सूचीमा दलितलाई थप्नुपर्छ र आवश्यक पर्ने सबैका लागि सामाजिक÷आर्थिक सुरक्षामाथिको पहुँचलाई सुनिश्चित गर्ने गरी त्यस्तो सूची खुला हुने कुरा सुनिश्चित गर्नुपर्छ।

**) महिला अधिकार**

दलित महिलाहरूले जातीय तथा लैङ्गिक भेदभावको चौतर्फी बोझको सामना गरेका छन्। माथि उल्लिखित नागरिकता प्राप्त गर्नमा रहेका व्यवधानहरूको सामना गर्नुका अतिरिक्त नेपालको सार्वजनिक तथा निजी क्षेत्रको पितृसत्तात्मक प्रकृतिले मुलुकको शासनव्यवस्थामा अर्थपूर्ण सहभागिताबाट उनीहरूलाई बाहिऱ्याएको छ। दलित महिलाहरूले शिक्षा, स्वास्थ्य सेवा तथा पर्याप्त जीवनस्तरमा पहुँच प्राप्त गर्न महत्त्वपूर्ण चुनौतीहरूको पनि सामना गर्नुपरेको छ। त्यसबाहेक, नेपालमा दलित महिलाहरूको आम हैसियतले केहीलाई यौन करकाप, शोषण, यातना र क्रूर, अमानवीय तथा अपमानजनक व्यवहारका लागि खतरापूर्ण बनाएको छ।

अन्तरिम संविधानको धारा २० ले महिलाका सम्बन्धमा विशिष्ट अधिकारहरूको उल्लेख गरेको छ। वि.सं. २०४७ को संविधानमा यस्तो कुनै धारा थिएन र यस्तै खाले प्रावधान नयाँ संविधानमा समावेश गरिनुपर्छ। तर, लैङ्गिक भेदभावविरुद्ध लड्न नयाँ संविधानको प्रावधानले अझ राम्रोसँग सिडको पालना गर्नुपर्छ र सिड समितिका सिफारिसलाई अझ पूर्णरूपमा पहिल्याउनुपर्छ।

**नयाँ संविधानमा महिलाका अधिकारहरू सुनिश्चित गर्न मद्दत पुऱ्याउन संविधानसभाले :**

- महिला तथा पुरुषका आचरणका सामाजिक तथा सांस्कृतिक ढाँचाहरूलाई परिवर्तन गर्न सबै उपयुक्त उपाय गरिनेछ भन्ने प्रावधान थप्नुपर्छ;

- विवाहमा प्रवेश सम्बन्धमा पुरुष तथा महिलाका समान अधिकारहरूलगायत पारिवारिक सम्बन्ध; विवाहको विघटन; पैत्रिक अधिकार तथा जिम्मेवारी; परिवार नियोजन; बालबालिकासँगको सम्बन्ध; र सम्पत्तिसम्बन्धी विशिष्ट अधिकारहरू समावेश गर्नुपर्छ; र

- "प्रजनन स्वास्थ्यको अधिकार तथा प्रजननसम्बन्धी अन्य अधिकारहरू"को प्रावधानमा प्रजनन स्वास्थ्य सेवामा समान पहुँच तथा चिकित्सकीय विकल्पसम्बन्धी पूर्णरूपमा सूचित हुन पाउने अधिकारलगायत, तर तिनमा मात्र सीमित नरहेका, अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत प्रत्याभूत गरिएका प्रजनन अधिकारहरूको सूची समावेश गर्नुपर्छ।

**) बालअधिकार**

नेपालमा दलित बालबालिकाहरू विशेषरूपमा जोखिमउन्मुख समूह हुन्। असङ्ख्य दलितहरूलाई जबरजस्ती श्रम गर्न विवश गरिन्छ र उनीहरू शोषणयुक्त अभ्यासका सिकार हुन्छन्। त्यसबाहेक, जातीय भेदभावले गर्दा दलित बालबालिकाका लागि शिक्षाको उपलब्धता तथा त्यसको गुणात्मकता दुवैमा सम्झौता पनि गर्नुपरेको छ।

बालबालिकाका लागि स्पष्ट संवैधानिक अधिकारहरू आरम्भ गरेको हुनाले अन्तरिम संविधानको धारा २२ प्रशंसनीय छ। यसको पालना भएमा, दलित बालबालिकाका अधिकारहरू, खासगरी तिनका आर्थिक तथा सामाजिक अधिकार, माथि यी प्रावधानहरूको सकारात्मक प्रभाव पर्नेछ। यो बालशोषणमाथि गरिएको निषेध र आधारभूत स्वास्थ्य तथा सामाजिक सुरक्षाको अधिकारको प्रत्याभूतिले गर्दा भएको हो। तर, नेपालका अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दायित्वहरूको यस धाराले गर्ने पूर्ण पालनालाई सुनिश्चित गर्न यसमा केही सुधार गर्न सकिन्छ।

**नयाँ संविधानमा बालबालिकाका अधिकारहरू सुनिश्चित गर्न मद्दत पुऱ्याउन संविधानसभाले :**

- बालबालिकालाई तिनको भलाइ, शारीरिक अथवा मानसिक स्वास्थ्य वा आध्यात्मिक, नैतिक वा सामाजिक विकासलाई जोखिममा पार्ने कार्य गर्नबाट वा सेवा उपलब्ध गराउनबाट निषेधित गरिनुपर्छ भनी स्पष्ट पार्नुपर्छ;

- सार्वजनिक अथवा निजी समाज कल्याण संस्थाहरू, न्यायालय, प्रशासकीय निकाय वा व्यवस्थापकीय निकायहरूद्वारा चालिएका कारबाहीलगायत बालबालिकाका अधिकारसम्बन्धी सबै कार्यमा प्राथमिक सरोकार नै बालबालिकाको सर्वोत्तम हित हो भनी पुष्टि गर्नुपर्छ; र

- समाजका सबै क्षेत्रमा आफूलाई असर पार्ने ÷ विशेषगरी परिवारमा, विद्यालयमा तथा आफ्ना समुदायमा ÷ कुराहरूमा बालबालिकाको आफ्नो आवाज होस् भन्ने कुराको पुष्टि गर्नुपर्छ।

**)       यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट मुक्त हुन पाउने स्वतन्त्रता**

यातना तथा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको निषेधसम्बन्धी आफ्ना अन्तर्राष्ट्रिय कानुनी दायित्वहरूको पालना गर्न नेपाल विफल भएको छ। दलितहरूले बढ्दोरूपमा भेदभावको प्रतिरोध गरेको हुनाले "तल्लो जातका" मानिने व्यक्तिहरूविरुद्ध विशेष दण्डहीनताका साथ कार्य गर्ने आफ्नो क्षमताको पूर्ण फाइदा उठाएर सरकारी सेनाले तिनको जवाफ दिएको छ। माओवादी विद्रोहीहरूले पनि दलितको समर्थन हासिल गर्न यातनालाई प्रयोग गरेका छन्।

सरकार यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक कार्यहरूलाई प्रभावकारीरूपमा अपराधकरण गर्न, सजाय दिन र त्यसका लागि क्षतिपूर्ति उपलब्ध गराउन विफल भएको छ। यातना क्षतिपूर्ति ऐन २०५३ ले यातना पीडित तथा तिनका परिवारलाई क्षतिपूर्तिको अधिकार उपलब्ध गराउन खोजे पनि यसले सरकारबाट यातना पीडकलाई सजायको माग गर्दैन। साथै, यस ऐनमा पीडितको उचित र पर्याप्त क्षतिपूर्ति तथा पुनर्स्थापनाका प्रक्रियागत व्यवधान पनि छन्।

अन्तरिम संविधानको धारा २६ ले "अनुसन्धानको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्ति"लाई दिइने यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारलाई निषेध गर्नुका साथै यस्ता कार्यलाई कानुनद्वारा दण्डनीय बनाएको छ। अन्तरिम संविधानले यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक कार्यका लागि फौजदारी दण्डसजाय लागू गरे तापनि यो नेपालले आफ्ना अन्तर्राष्ट्रिय दायित्वहरूको पालना गरोस् भन्ने सुनिश्चित गराउन यो अपर्याप्त छ।

**नयाँ संविधानमा यातनाका कार्य तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको रोकथाम, सजाय वा न्यायिक उपचार सुनिश्चित गर्न संविधानसभाले थप देहायका कुराहरू गर्नुपर्छ :**

- यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारको परिभाषा परम्परागत हिरासतको थुनामा हुने कार्यमा मात्र सीमित हुनुहुँदैन भन्ने कुरा सुनिश्चित गर्नुपर्छ;

- यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारमा सहअपराध वा सहभागिता मानिनेलगायतका यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारका सबै कार्यहरू दण्डनीय हुने कुरा सुनिश्चित गर्नुपर्छ;

- यस्ता सबै कार्यहरू कानुनद्वारा तथा तिनका गम्भीर प्रकृतिलाई ध्यानमा राखी गरिएका उपयुक्त जरिवानाद्वारा दण्डित हुनेछन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ; र

- यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारका लागि क्षतिपूर्ति व्यक्तिको कार्यान्वयन गराउन सकिने उचित तथा पर्याप्त क्षतिपूर्तिप्रतिको अधिकारबमोजिम निर्क्योल गरिने कुरा सुनिश्चित गर्नुपर्छ।

**ज)       नेपालमा संवैधानिक अधिकार तथा संरक्षणलाई साकार पार्ने : कार्यान्वयन तथा पालनाका मुद्दाहरू**

नेपालमा दलित अधिकारहरूको संवैधानिक संरक्षण एउटा अत्यन्त महत्त्वपूर्ण प्रारम्भिक कदम हो। तैपनि, वि.सं. २०४७ को संविधानको सीमित सामर्थ्यबाट प्रमाणित भएझैं आखिरी सफलताका निम्ति नेपाल सरकारका सबै तह, न्यायपालिका तथा कानुन पालना गराउने अधिकारीहरू एवं नेपाली नागरिक समाजबाट प्रतिबद्धताको आवश्यकता पर्दछ।

साथै, नेपालसँग आफ्ना बाध्यकारी मानवअधिकारसम्बन्धी प्रतिबद्धताहरूको सम्मान, संरक्षण तथा तिनलाई पूरा गर्ने सामान्य दायित्व छ। त्यसबाहेक, नेपालसँग मानवअधिकार उल्लङ्घनका लागि प्रभावकारी न्यायिक उपचारप्रतिको अधिकारको संरक्षण गर्ने सम्बन्धित दायित्व छ, जसमा मानवअधिकारको पालना गराउन आफ्ना संस्था र प्रतिनिधिहरू सक्षम होऊन् भन्ने सुनिश्चित गर्ने कुरा पर्दछ।

**नयाँ संविधानमा उल्लेख गरिएका अधिकारहरूको कार्यान्वयन तथा पालनालाई सुनिश्चित गर्न मद्दत पुऱ्याउन संविधानसभाले :**

- भाग ३ मा जस्तै अधिकारको महत्त्व, तिनको बाध्यकारी प्रकृति र संविधानअन्तर्गत स्थापित अधिकारहरूको सम्मान, संरक्षण र तिनलाई पूरा गर्ने दायित्वको महत्त्वमाथि जोड दिने व्यवस्था समावेश गर्नुपर्छ;
- नागरिक तथा गैरनागरिक दुवैलाई कुनै कानुन असंवैधानिक घोषित गराउन सर्वोच्च अदालतमा निवेदन दिन पाउने अधिकार सुनिश्चित गर्नुपर्छ;
- राष्ट्रिय मानवअधिकार आयोगलाई वित्तीय स्वायत्तता उपलब्ध गराउनुपर्छ; र
- राष्ट्रिय दलित आयोगलाई संवैधानिक अङ्गको रूपमा स्थापना गर्नुपर्छ।

### . निष्कर्ष

नयाँ संविधानको मस्यौदाको गर्दा, संविधानसभालाई नेपालको लामो गृहयुद्धपश्चात शान्तिलाई ठोस रूप दिने तथा मौलिक अधिकारहरूको संरक्षण गर्ने नेपालका अन्तर्राष्ट्रिय कानुनी दायित्वहरू पूरा गर्ने चुनौतीको सामना गर्ने अहम् उत्तरदायित्व सुम्पिएको छ। यी दुई उत्तरदायित्वहरू नेपालका आमदलित ... एउटा समूह जसले जातमा आधारित २००० वर्षभन्दा बढी समयदेखिको योजनाबद्ध भेदभावको सामना गरेको छ ... का अधिकारहरू प्राप्त गरेरमात्र पूरा हुन्छ।

सबै मानवजातिको साझा आधारभूत मूल्य हुन्छ भन्ने कुरा नेपाल पक्ष राष्ट्र भएका विभिन्न मानवअधिकार सन्धिहरूमा संरक्षित गरिएको एउटा आधारभूत सिद्धान्त हो। त्यसैले, नेपाल दलितका मानवअधिकारहरूको सम्मान, संरक्षण तथा तिनलाई पूरा गर्न कानुनीरूपमा बाध्य छ। यो दायित्व पूरा गर्नाले दिगो शान्ति कायम राख्ने तथा प्रभावकारी राजनीतिक, आर्थिक तथा सामाजिक विकास हासिल गर्ने नेपालको सामर्थ्यको अत्यधिक मात्रामा वृद्धि गर्नेछ। माथि उल्लेख गरिएझैं, नेपालको नयाँ संविधानले यो अत्यन्त महत्त्वपूर्ण प्रयासका लागि जगको रूपमा काम गर्नैपर्छ।

## अध्ययनविधि

*न्यायको पुनर्व्याख्या* दलित अधिवक्ता तथा नेपालको कानुनी समुदायका सदस्यहरूको निकट सहयोगमा तयार पारिएको हो। यसले नेपाली प्राज्ञिक व्यक्तित्व तथा अन्तर्राष्ट्रिय संवैधानिक विद्वानहरूको विशेषज्ञता एवं मानवअधिकार तथा विश्व न्याय केन्द्रको जातीय भेदभाव तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनसम्बन्धी आफ्नै विशेषज्ञतालाई स्रोतको रूपमा लिएको छ। संविधानसभासद्हरूलाई सम्बोधन गरिएका यस प्रतिवेदनका सिफारिसहरू कैयन अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूअन्तर्गत नेपालका दायित्वहरूको विस्तृत विश्लेषणमा आधारित छन्। त्यसबाहेक, यस प्रतिवेदनले विभिन्न विश्वस्त सूत्रबाट लिइएका नेपालमा दलितविरुद्ध भएका मानवअधिकार दुर्व्यवहारसम्बन्धी बृहत् अन्वेषणलाई प्रतिविम्बित गर्छ।

सन् २००७ नोभेम्बरमा यस मानवअधिकार केन्द्रले कैयौं दलित अधिवक्ता, वकिल, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधि र संयुक्त राष्ट्रसङ्घ तथा अन्य अन्तर्राष्ट्रिय विज्ञहरूलाई भेटेर काठमाडौं, नेपालमा अन्तर्वार्ताहरू लिएको थियो। सन् २००७ नोभेम्बरमैं, यस केन्द्रले अन्तर्राष्ट्रिय दलित ऐक्यबद्धता सञ्जाल र भारतीय दलित अध्ययन संस्थानद्वारा आयोजना गरिएको दक्षिण एसियामा जातीय भेदभावसम्बन्धी काठमाडौंमा भएको एउटा क्षेत्रीय गोष्ठीमा सहभागी बन्यो, जहाँ यस प्रतिवेदनका लेखकहरूले कैयन क्षेत्रीय विज्ञहरूसँग परामर्श गर्ने अवसर पाएका थिए। यस केन्द्रले विभिन्न विज्ञहरूबाट प्रतिवेदनका अघिल्ला मस्यौदाहरूबारे लिखित सल्लाहसुझाव पनि लिएको थियो।

## केन्द्रबारे

मानवअधिकार तथा विश्व न्याय केन्द्रले न्युयोर्क विश्वविद्यालय कानुन विभागभित्र सञ्चालन गरिने प्रशिक्षण, अनुसन्धान, क्लिनिकल, प्रशिक्षार्थी तथा प्रकाशनसम्बन्धी विपुल गतिविधिको आयोजना गर्ने तथा त्यसलाई विस्तार गर्ने कार्य गर्दछ। फिलिप एल्सटन केन्द्रका फ्याकल्टी प्रमुख हुनुहुन्छ; स्मिता नारुला तथा मार्गरेट स्याटरवाइट फ्याकल्टीका निर्देशक हुनुहुन्छ; जेन हकरबेरी अनुसन्धान निर्देशक हुनुहुन्छ; र भिरल ओपगेनहाफेन कार्यक्रम निर्देशक हुनुहुन्छ।

यो केन्द्र तथा यसको अन्तर्राष्ट्रिय मानवअधिकार क्लिनिकले भेदभावसम्बन्धी आफ्नो कार्यमा अन्तर्राष्ट्रिय दलित ऐक्यबद्धता सञ्जाल (www.idsn.org) तथा दक्षिण एसियाभरिका दलित गैसस साझेदारहरूसँग व्यापकमात्रामा सहकार्य गरेर दक्षिण एसियामा जातीय भेदभावबारे आफ्नो ध्यान केन्द्रित गरेका छन्। जातीय भेदभावबारे केन्द्रको कामबारे थप जानकारीका लागि तथा हाम्रा सबै वक्तव्य तथा प्रतिवेदनहरूका लागि कृपया वेबसाइट (www.chrgj.org) हेर्नुहोस्।